आज मिति २०७६।०७।०५ गतेका दिन बाणगङ्गा नगरकार्यपालिकाको बैठक बाणङ्गा नगरपालिकाका नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | नामथर | पद | वडा नं. | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | मंगल प्रसाद थारु | नगर प्रमुख | | ९५५७०५४०२० | |
| २. | चक्रपाणी अर्याल | उप नगर प्रमुख | | ९८५७०५४०३२ | |
| ३. | बाल कुमारी पन्त | वडाध्यक्ष | १ | ९८५७०५४०२१ | |
| ४. | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | २ | ९८५७०५४०२२ | |
| ५. | सन्तराम रौतार थारु | वडाध्यक्ष | ३ | ९८५७०५४०२३ | |
| ६. | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | ४ | ९८५७०५४०२४ | |
| ७. | भिष्मराज भुसाल | वडाध्यक्ष | ५ | ९८५७०५४०२५ | |
| ८. | सुकदेव थारु | वडाध्यक्ष | ६ | ९८५७०५४०२६ | |
| ९. | विष्णू गिरी | वडाध्यक्ष | ७ | ९८५७०५४०२७ | |
| १०. | गुणानीधि भुसाल | वडाध्यक्ष | ८ | ९८५७०५४०२८ | |
| ११. | धुव्र बेल्बासे | वडाध्यक्ष | ९ | ९८५७०५४०२९ | |
| १२. | राम बिहारी चौधरी | वडाध्यक्ष | १० | ९८५७०५४०३० | |
| १३. | सोमनाथ अर्याल | वडाध्यक्ष | ११ | ९८५७०५४०३१ | |
| १४. | टिका कूमारी अधिकारी | सदस्य | | ९८४७११०६९८ | |
| १५. | सरिता देवी ढकाल | सदस्य | | ९८४७१९२२९९ | |
| १६. | योगनाथ सुनार | सदस्य | | ९८४७१३४०२२ | |
| १७. | कृष्ण बहादुर वि.क. | सदस्य | | ९८२१९८११५७ | |
| १८. | गिता भुसाल | सदस्य | | ९८४७१८९०६७ | |
| १९. | केशरा गुरुङ | सदस्य | | ९८१८११२२४ | |
| २०. | सावित्रा थारु | सदस्य | | ९८०६९१७४९६ | |
| २१. | पूर्णकला सुनार | सदस्य | | ९८४७४५०९०९ | |
| २२. | कृष्णप्रसाद सापकोटा | सदस्य सचिव | | ९८५७०८७१११ | |

Scanned by CamScanner

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

५ नं. प्रदेश, कपिलवस्तु नेपाल

मिति २०७६।०७।०५

कार्यपालिका बैठक संख्या - ५८

प्रस्तावहरु

१. नगरसभाका सदस्यहरुले प्रयोग गर्ने लोगो निर्माण सम्बन्धमा ।

२. "म सफा गर्छु मेरो नगर" सम्बन्धमा ।

३. बाणगंगा औद्योगिक ग्राम स्थापना तथा संचालन सम्बन्धमा ।

४. फोहोर मैला प्रशोधन केन्द्र (ल्याण्डफिल्ड साइड) र बसपार्क निर्माणको लागि जग्गा पहिचान सम्बन्धमा ।

५. कार्यालयको संगठन र व्यवस्थापन सर्वेक्षण (O & M) गर्ने सम्बन्धमा ।

६. रु. पन्ध्र लाख भन्दा माथिका योजनाहरुको टेन्डर आव्हान गर्ने सम्बन्धमा ।

७. बजार विकास समितिलाई ट्याक्टर उपलब्ध गराउने सम्बन्धमा

८. नदीजन्य पदार्थ अनुगमन समितिको गठन सम्बन्धमा ।

९. बालमैत्री स्थानीय शासन सम्बन्धमा ।

१०. नदीजन्य पदार्थको घाटगद्दी सम्बन्धमा

११. चीनको अनहुई प्रान्तको, छिचौं नगरबाट आउने प्रतिनिधिहरुको भेटघाट सम्बन्धमा ।

१२. टोल विकास संस्था मार्फत सम्पादन गर्ने आयोजनाहरुको सम्बन्धमा

१३. प्राथमिक आँखा उपचार केन्द्र संचालन गर्ने सम्बन्धमा ।

१४. स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको पदस्थापन सम्बन्धमा ।

१५. कोपवा खानेपानी आयोजनाको ओभरहेड ट्याङ्कि निर्माण सम्बन्धमा ।

१६. शुभ दिपावली र छठ पर्व नियमन सम्बन्धमा ।

१७. ४ नं चोकमा अवस्थित बुद्धमूर्ति परिसर सरसफाई र रंगरोगन सम्बन्धमा ।

Scanned by CamScanner

निर्णय नं. १

- वाणगंगा नगरपालिकाको सामाजिक, आर्थिक, भौगोलिक, सांस्कृतिक र मौलिक विशेषताहरु झल्कने गरी "नगर लोगो" निर्माणको जिम्मेवारी सामाजिक विकास समितिलाई दिने र उक्त समितिले "आन्तरिक प्रशासन शाखा" सँगको समन्वयमा प्रचलित विधिको अधिनमा रही प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं. २

मिति २०७५।०६।१६ गते सुरु गरिएको "म सफा गर्छु मेरो नगर" कार्यक्रमका सम्वन्धमा देहाय वमोजिम गर्ने ।

- यो कार्यक्रम पाक्षिक रुपमा प्रत्येक महिनाको १ र १५ गते नियमित रुपमा संचालन गर्ने।
- पहिलो चरणमा कोठी-कोईली-मर्थी-जीतपुर लगायत पूर्व पश्चिम राजमार्ग र नगर भित्रका मुख्य तथा सहायक मार्गहरुमा सरसफाई अभियानलाई केन्द्रित गर्ने ।
- "म सफा गर्छु मेरो नगर" सँगै "हरियाली प्रर्वधन" कार्यक्रम समेत संचालन गर्ने ।
- पाक्षीक रुपमा संचालन हुने सरसफाई कार्यक्रममा सम्वन्धित वडाका टोल विकास संस्थाहरुलाई अनिवार्य रुपमा सहभागी गराउने ।
- कार्यक्रम संचालन हुने वडाका अध्यक्षले कार्यक्रमको संयोजन गर्ने ।

निर्णय नं. ३

- यस नगरपालिका वार्ड नं ९ को बर्दहवा भन्ने स्थानमा वाणगंगा औद्योगिक ग्राम स्थापना गर्ने ।
- औद्योगिक ग्राम निर्माण, संचालन र व्यवस्थापनका लागि आवश्यक पर्ने वजेट विनियोजन र प्राविधिक सहयोगका लागि नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध सहित पत्राचार गर्ने ।
- ग्राम स्थापना, संचालन, व्यवस्थापन र आवश्यक सहजिकरण गर्नका लागि देहायको वमोजिम समिति गठन गर्ने ।

वाणगंगा औद्योगिकग्राम स्थापन सहजिकरण समिति

| | | | | | |
|---|---|---|---|---|---|
| १. | कार्यपालिका सदस्य | - | श्री ध्रुव बेल्बासे | - | संयोजक |
| २. | कार्यपालिका सदस्य | - | श्री बिष्णु गिरी | - | सदस्य |
| ३. | कार्यपालिका सदस्य | - | श्री गुणानीधी भूसाल | - | सदस्य |
| ४. | प्रशासन शाखा | - | श्री केशवराज भट्टराई | - | सदस्य-सचिव |

निर्णय नं. ४



Scanned by CamScanner

नगरका विभिन्न स्थानहरुबाट निस्कने फोहोरमैलोको दीर्घकालनि व्यवस्थापनका लागि फोहोरमैला प्रशोधन केन्द्र (ल्यान्डफिल्ड साईड) र बाणगंगा बसपार्क निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्ति र सो संग सम्वन्धित अन्य विषयहरुको व्यवस्थापनमा आवश्यक सहजीकरणका लागि नगर उप्रमुख श्री चक्रपाणी अर्यालको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्ने ।

फोहोरमैला प्रशोधन केन्द्र र बसपार्क निर्माणका लागि जग्गा प्राप्ति तथा सहजिकरण समिति

| | | | |
|---|---|---|---|
| नगर उपप्रमुख | श्री चक्रपाणी अर्याल | - | संयोजक |
| कार्यपालिका सदस्य | श्री गणेश क्षेत्री | - | सदस्य |
| कार्यपालिका सदस्य | श्री भिष्मराज भुसाल | - | सदस्य |
| कार्यपालिका सदस्य | श्री गुणानीधि भुसाल | - | सदस्य |
| वातावरण शाखा प्रमुख | वातावरण शाखा हेर्ने कर्मचारी | - | सदस्य सचिव |

समितिले आफ्नो कार्यविधि आफ्नै निर्धारण गर्ने ।

निर्णय नं. ५

- नगरपालिका अन्तर्गतका वडा कार्यालय, विषयगत शाखा, स्वास्थ्य चौकी र अस्पताल लगायत नगरपालिका मातहतका मुख्य संरचनाहरुको कार्यप्रकृति, कार्य बोझ, सेवा प्रवाह, राजस्वको वर्तमान अवस्था, जनसंख्या, कर्मचारीको क्षमता, नगरको विद्यमान प्राविधिक जनशक्ति लगायतका विषयहरुलाई ध्यानमा राख्दै अधिकतम मितव्ययिता अपनाई प्रचलित कानून बमोजिम नगरपालिकाको संगठन तथा व्यवस्थापन प्रतिवेदन तयार पारी कार्यापालिकाको बैठकमा पेश गर्ने । उक्त संगठन संरचनाको प्रस्ताव तयार पार्दा सम्बन्धित समितिसँग सघन समन्वय गर्ने ।

निर्णय नं. ६

- चालु आर्थिक वर्षका आयोजनाहरु मध्ये उपभोक्ता समितिबाट सम्पन्न गर्ने र बोलपत्र आव्हान मार्फत सम्पन्न गर्ने आयोजनाहरुको अलग अलग विवरण तयार पारी मिति २०७६।०७।१५ गते भित्र सम्वन्धित वडा कार्यालयले यस नगरपालिकामा पठाउने ।
- प्राविधिक रुपले जटिल प्रकृतिका निर्माण कार्य, जटिल किसिमको गुणस्तर परीक्षण गर्नुपर्ने, Heavy Machines प्रयोग गर्नुपर्ने, जनसहभागिता (लागत सहसभागिता) जुटन नसक्ने, निर्माणपश्चात मर्मत सम्भार उपभोक्ता समितिबाट हुन नसक्ने, निर्माण कार्यसम्पन्न भएपछि उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसकिने सडक कालोपत्रे लगायतका कार्यहरु उपभोक्ता समितिबाट नगराई प्रचलित कानून बमोजिम खुल्ला बोलपत्र आव्हान गरी निर्माण कार्य गर्ने ।



Scanned by CamScanner

- लागत सहभागिता जुट्ने तर पन्ध्रलाख भन्दा माथिका सडक कालोपत्रे आयोजनाहरु पनि सम्वन्धित उपभोक्ता समितिसँग समन्वय गरी वोलपत्र आव्हान मार्फत नै सम्पन्न गर्ने ।

निर्णय नं. ७

- यस नगरपालिकाको चार नम्वर चोक, पिपरा, बैरिया, जीतपुर, गजेहडा, वोडगाउँ, बनगाई लगायतका बजार केन्द्रको फोहोरमैला व्यवस्थापन र सरसफाई प्रवर्धनका लागि यस नगरपालिकाको स्वामित्वमा रहेको ट्याक्टर (लु १ द ९२) यस नगरपालिकाको "यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका २०७६" बमोजिम संचालन गर्ने गरी श्री सिद्धार्थ वजार विकास समिति, बाणगंगा, कपिलवस्तु लाई हस्तान्तरण गर्ने ।

निर्णय नं. ८

- बाणगंगा नगरपालिका भित्रको नदीजन्य पदार्थ उत्खन्न, सङ्कलन, भण्डार, क्रसिङ्ग, प्रशोधन र विक्रि वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन, नियमन, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवंम गुणस्तर सुनिश्चित गर्न ५ नं. प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयद्वारा जारी "नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५" को दफा १८ को अधिनमा रही देहाय बमोजिमको स्थानीय अनुगमन समिति गठन गर्ने ।

**नदीजन्य पदार्थ अनुगमन समिति**

- नगर प्रमुख श्री मंगलप्रसाद थारु - संयोजक
- उपप्रमुख श्री चक्रपाणि अर्याल - सदस्य
- वडा अध्यक्ष श्री बालकुमारी पन्त - सदस्य
- वडा अध्यक्ष गणेश बहादुर क्षेत्री - सदस्य
- वडा अध्यक्ष श्री भिष्म भुसाल - सदस्य
- वडा अध्यक्ष श्री सुकदेव थारू - सदस्य
- वडा अध्यक्ष श्री विष्णु गिरी - सदस्य
- वडा अध्यक्ष श्री गुणानिधी भुसाल - सदस्य
- वडा अध्यक्ष श्री धुव्र वेल्वासे - सदस्य
- योजना शाखा प्रमुख - श्री शान्ताराज आचार्य - सदस्य
- राजस्व शाखा प्रमुख - श्री मदनप्रसाद घिमिरे - सदस्य-सचिव

उक्त समितिले आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रित सदस्यहरुको रुपमा वैठकमा वोलाउन, वडा अध्यक्षको संयोजकत्वमा आवश्यकता अनुसार वडास्तरीय अनुगमन उप-समिति गठन गर्ने लगायतका अन्य नियमन सम्वन्धि कार्य स्वयंम निर्धारण गर्न सक्ने ।



Scanned by CamScanner

निर्णय नं. ९

मिति २०७७।०६।३० गते भित्र यस नगरपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने।

- तोकिएको मिति भित्र यस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्नको लागि सम्पादन गर्नुपर्ने सम्पुर्ण क्रियाकलापहरुको समन्वय गर्नको लागि शिक्षा तथा खेलकुद शाखा प्रमुख उप-सचिव श्री बाबुराम भट्टराईलाई सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्ने ।
- बालमैत्री स्थानीय शासनका सम्बन्धमा ज्ञान भएका र वडालाई बालमैत्री स्थानीय शासन घोषणाको तयारी गर्न सक्ने सहजकर्ता सम्बन्धित वडा समितिले निश्चित मापदण्ड अवलम्बन गरी कार्तिक २५ गते भित्र चालु आर्थिक वर्षका लागि काममा खटाउने ।
- यसरी खटाइएका सहजकर्तालाई अधिकतम रु. १५ हजारमा नबढ्ने गरी पारिश्रमिक उपलब्ध गराउने ।
- बालमैत्री स्थानीय शासन घोषणका कार्यक्रमका लागि वडा कार्यालयलाई अपुग रकम निश्चित मापदण्डका आधारमा नगरकार्यपालिकाले निर्णय गरी उपलब्ध गराउने ।

निर्णय नं. १०

- ५ नं प्रदेश सरकारबाट जारी नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७५ बमोजिम स्थानीय तहले नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्दा घाटगद्दीको प्रबन्ध गरि गर्नुपर्ने व्यवस्था गत वर्षको अनुभवले अव्यवहारिक र महङ्गो परेको महसुस गरिएको हुँदा उल्लिखित प्रावधान संशोधनको लागि व्यहोरा खुलाई श्री पर्यटन, उद्योग वन तथा वातावरण मन्त्रालय ५ नं. प्रदेश मार्फत श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बुटवलमा अनुरोध गरी पठाउने ।
- नदीजन्य पदार्थको ठेक्का प्रक्रिया २०७६ कार्तिक २० गते भित्र टुंगगाई सूचना प्रकाशन गर्ने ।

निर्णय नं. ११

सन् २०१९ नोभेम्बर २ देखि ४ (वि.सं. २०७६।०७।१६ देखि १८ गतेसम्म) जनवादी गणतन्त्र चीनको अनहुई प्रान्तको, छिचौं नगरका प्रतिनिधिहरुको बाणगंगा नगरपालिकाको औपचारिक भ्रमण सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- दुई देशका नगरपालिका बीच कायम हुन लागेको भगिनी सम्बन्धको सम्पूर्ण व्यवस्थापकीय तयारीको जिम्मेवारी वैदेशिक समन्वय समितिले पूर्ववत नै शिघ्रताका साथ तयारी गर्ने ।



Scanned by CamScanner

- उक्त समितिद्वारा पेश गरिएको द्विपक्षीय भेटघाटको कार्यतालिका स्वीकृत गर्ने ।

निर्णय नं. १२

- नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजनाबाट पशु हाटबजार निर्माण गर्ने कार्यक्रम अन्तर्गत वडा नं. ७ को कोईली बनगाईमा अवस्थित प्रगति सामुदायिक बनको नदी उकास क्षेत्रमा ७ नं. वडा कार्यालयको च.नं. ४४३, मिति २०७६।०७।०५ को सिफारिस अनुसार पशु हाटबजार स्थापना गर्ने र उक्त कार्यको लागि आवश्यक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

- मर्मतसम्भार कोषबाट तत्काल मर्मत गर्नुपर्ने सडक संरचनाहरुको लागत ईस्टिमेट तयार गरि पेश भैसकेतापनि कोषमा प्रयाप्त बजेट नभएकोले हाललाई नगरसभाबाट विनियोजित रकम मध्ये रु.२५ लाख रकमलाई भुगोल, जनसंख्या, भौगोलिक विकटता र आन्तरिक आय लगायतका सूचकका आधारमा निम्नानुसार रकम बाडफाँड गर्ने निर्णय गरियो ।

| वडा नं. | बाडफाँड भएको रकम | कैफियत |
|---|---|---|
| १ | रु. १६४८६७/- मात्र | प्राविधिक शाखाबाट लागत ईस्टिमेट तयार गरी कार्य सम्पन्न प्रतिवेदन पश्चात भुक्तानी गर्ने । |
| २ | रु. २६९४९७/- मात्र | |
| ३ | रु. १७३८७७/- मात्र | |
| ४ | रु. २१६२१९/- मात्र | |
| ५ | रु. १७६३८९/- मात्र | |
| ६ | रु. १४७१९७/- मात्र | |
| ७ | रु. १७२१५७/- मात्र | |
| ८ | रु. ३०४४८४/- मात्र | |
| ९ | रु. २९३७००/- मात्र | |
| १० | रु. ३१७८८३/- मात्र | |
| ११ | रु. २६३७२९/- मात्र | |

निर्णय नं. १४

- कपिलवस्तु सामुदायिक अस्पताल, ४ नं. जीतपुरबाट प्राथमिक आँखा उपचार केन्द्र संचालनको लागि अनुमति माग भई आएको सन्दर्भमा प्रचलित कानून अनुसार अस्पताल संचालन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।



Scanned by CamScanner

निर्णय नं. १५

- स्वास्थ्य शाखा प्रमुख श्री ठगराज पौडेलबाट नेपाल सरकार स्वास्थ्य मन्त्रालय, काठमाण्डौबाट विभिन्न मितिमा यस कार्यालयमा समायोजन भई आएका स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको पदास्थापन सम्बन्धमा प्रस्तुत भएको विवरण र उक्त मन्त्रालयको च.नं. १४४२ मिति २०७६।०६।३० को पत्रका सम्बन्धमा छलफल गरीयो ।

निर्णय नं. १६

- वडा नं. ५ प्रतिडाँडा स्थित सार्वजनिक जग्गामा निर्माणधीन बाल उद्यानले चर्चेको जग्गा मध्ये दक्षिण तर्फ र दिव्यज्योति महिला सहकारी संस्थाको भवन भन्दा पश्चिमतर्फको करिब तीन कट्ठा जग्गा वडा कार्यालयको सिफारिस बमोजिम कोपवा खानेपानी आयोजनाको ओभरहेड ट्याङ्कि निर्माणका लागि उपलब्ध गराउन सम्वन्धित निकायमा सिफारिस गर्ने ।

निर्णय नं. १७

- नेपालीहरुको महान पर्व शुभ दिपावली, छठ लगायतका पर्वहरुको अवसरमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त पर्वहरु मनाउँदा देहायका बुँदाहरुलाई मनन गर्न सम्पूर्ण नगरवासीहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

  १. शुभ दिपावलीको अवसरमा देउसी भैलो खेल्ने टोलीलाई अधिकतम रु.१५१।- मा नबढ्ने गरी दक्षिणा दिने ।

  २. राती १०.०० बजेसम्म मात्र देउसी भैलो खेल्नुपर्ने ।

  ३. देउसी भैलो खेल्दा आफ्नो मौलिक संस्कृतिलाई प्राथमिकता दिने ।

  ४. पटेका पडकाउने र आतिशबाजी गर्न निषेध गर्ने ।

  ५. नेपाल सरकार, गृह मन्त्रालय द्वारा जारी "मदिरा विक्रि वितरण नियमन निर्देशिका, २०६५" लाई पालना गर्न आव्हान गर्ने ।

निर्णय नं. १८

- चार नम्बर चोकमा अवस्थित बुद्ध मुर्ति र बुद्ध मुर्ति परिसरको रंगरोगन, मर्मत संभार र सरसफाई कार्य वडा नं. ४ को कार्यालय तथा श्री सिद्धार्थ बजार व्यवस्थापन समितिको समन्वयमा नगरपालिकाद्वारा लागत अनुमान तयार पारी चीनको छिचौं नगरका प्रतिनिधिहरुको भ्रमण अगावै सम्पन्न गर्ने ।



Scanned by CamScanner